का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ चैत २०८१,
मंगलबार
18 March, 2025
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २३, अंक ४४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संसद्मै थन्कियो शिक्षा विधेयक

सरकारले प्राथमिकतामा राखेको भनेको विद्यालय शिक्षा विधेयक १८ महिनादेखि संसद्मा विचाराधीन छ । संसदीय समितिमा विधेयक पुगेको १७ महिना भइसक्यो तर अगाडि बढ्न सकेको छैन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ चैत ।

विद्यालय शिक्षा विधेयक संसदीय विषयगत समितिमा थन्किएको छ । सरकारले प्राथमिकतामा राखेको भनेको यो विधेयक १८ महिनादेखि संसद्मा विचाराधीन छ ।

यो विधेयक २७ भदौ २०८० मा प्रतिनिधिसभामा दर्ता भएको थियो । सैद्धान्तिक छलफल गरेर प्रतिनिधिसभाले २५ असोज २०८० मा दफावार छलफल गर्न प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाएको थियो ।

संसदीय समितिमा विधेयक पुगेको पनि १७ महिना भइसक्यो तर विधेयक अगाडि बढ्न सकेको छैन ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले गत ३ पुसमा विद्यालय शिक्षा विधेयकमाथि छलफल राखेको थियो । त्यसयताको ३ महिनासम्म पनि विधेयकमाथि संसदीय समितिले पुनः छलफल राख्न सकेको छैन ।

समिति सदस्य सरिता भुसाल भने आफूहरू विद्यालय शिक्षा विधेयक अगाडि बढाउने तयारीमै रहेको बताउँछिन् ।

'विद्यालय शिक्षा विधेयक यथाशक्य छिटो ल्याउन समिति लागिरहेको छ', एमाले सांसद भुसालले सोमबार प्रतिनिधिसभाको बैठकमा भनिन् ।

विद्यालय शिक्षा विधेयकमाथि १५२ जना सांसदले १ हजार ७५८ वटा संशोधन प्रस्ताव दर्ता गरेका छन् । सांसदहरूले विधेयकको प्रस्तावनादेखि नै संशोधन गर्नुपर्ने प्रस्ताव गरेका छन् ।

पूर्वशिक्षामन्त्री तथा नेकपा (माओवादी केन्द्र)का नेता देवेन्द्र पौडेल, कांग्रेस महामन्त्री गगनकुमार थापा, सांसदहरू जीवन परियार, पदम गिरी, गोकुलप्रसाद बाँस्कोटा, महेन्द्रबहादुर शाही, सुशीला श्रेष्ठ, प्रदीप यादवलगायत २२ सांसदले विधेयकको प्रस्तावनामा संशोधन प्रस्ताव गरेका हुन् ।

'नेपाली विद्यार्थीलाई अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी र सक्षम बनाउन, समाजवाद निर्माणको ठोस आधार तयार गर्न, प्राविधिक, व्यावसायिक सीप र ज्ञान प्राप्त नागरिक उत्पादन गर्न र शिक्षामा सबै नागरिकलाई समान पहुँच स्थापित गर्न वाञ्छनीय भएकाले, संघीय संसद्ले ऐन बनाएको' भनेर लेखिनुपर्ने उनीहरूको आग्रह छ ।

कतिपयले 'विद्यालयलाई क्रमशः सेवामूलक (गैरनाफामूलक) बनाउँदै लगिने पृष्ठ २ मा



"विद्यालय शिक्षा विधेयक यथाशक्य छिटो ल्याउन समिति लागिरहेको छ

**सरिता भुसाल**
सांसद, नेकपा एमाले

# शिक्षकदेखि महानिरीक्षकसम्म

प्रहरी ऐनमा ३० वर्ष सेवा अवधि कायमै रहे ६ महिनाका लागि ८९ हजार प्रहरीको कमान्ड गर्ने



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ४ चैत ।

नेपाल प्रहरीको ३१औं महानिरीक्षक (आईजीपी) मा दीपक थापा नियुक्त भएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) थापालाई मेरिटका आधारमा नियुक्त गरेको हो ।

सँगै प्रतिस्पर्धामा रहेका एआईजी टेकबहादुर तामाङ र सुदीप गिरीलाई उछिन्दै थापा नेपाल प्रहरीको नेतृत्वमा पुगेका हुन् । ३०औं आईजीपी वसन्त कुँवर पृष्ठ २ मा

- १० भदौ २०५२ : प्रहरी निरीक्षक
- ८ भदौ २०६३ : प्रहरी नायब उपरीक्षक
- ८ साउन २०७२ : प्रहरी उपरीक्षक
- ६ फागुन २० ७५ : वरिष्ठ उपरीक्षक
- १७ असार २०७९ : नायब महानिरीक्षक
- ६ चैत २०७९ : अतिरिक्त महानिरीक्षक
- ४ चैत २०८१ : महानिरीक्षक

**वैदेशिक रोजगार विशेष**

# युरोप, जापान र कोरियाको नाममा पासपोर्ट होल्ड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत ।

युरोप, जापान र दक्षिण कोरियाको रोजगारीका नाममा ठूलो संख्यामा पासपोर्ट होल्ड हुँदा खाडी मुलुक जाने कामदारको अभाव देखिएको छ । हाल जापानको रोजगारीका लागि ४० हजारको हाराहारीमा युवा-युवती भाषा अध्ययन गरिरहेका छन् भने दक्षिण कोरिया जान भाषा परीक्षा उत्तीर्ण गरेका ३० हजार रोजगारीमा जान पाएका छैनन् ।

यस्तै, कोरियाकै लागि नयाँ परीक्षामा सहभागी हुन करिब ३५ हजार प्रतीक्षामा छन् । दक्षिण कोरियाको भाषा परीक्षा संचालन गर्ने र भाषा परीक्षा उत्तीर्ण गरेकालाई लैजाने विषयमा नेपालभन्दा दक्षिण कोरियाको ढिलाइ जिम्मेवार रहेको बताइएको छ ।

उत्पादनमूलक क्षेत्रका लागि अघिल्लो वर्ष पुसमा नै भाषा परीक्षाको आवेदन खुलाएको दक्षिण कोरियाले यस वर्ष चैत पहिलो हप्तामा पनि आवेदन खुल्ला गर्ने छाँटकाँट देखाएको छैन ।

गत वर्ष भाषा परीक्षा पास गरेका १७ हजार ३० जनामध्ये अझैसम्म ३ हजार बढीको सीप परीक्षाको नतिजा नआएको इपीएस कोरिया शाखाका सूचना अधिकारी कमलराज श्रेष्ठको भनाइ छ ।

दक्षिण कोरियाले नेपालबाट लैजाने गरेका कृषि, उत्पादन क्षेत्रका अतिरिक्त सेवामूलक, वन, होटल, पानीजहाज निर्माणको रोजगारीमा पनि नेपाली लैजाने प्रचारप्रसार भएपछि युवा-युवतीको ठूलो संख्या कोरियन भाषाको तयारीमा छ ।

त्यस्तै, युरोपको रोजगारीका नाममा ६० हजारको हाराहारीमा रोकिएर बसेका छन् । युरोपेली मुलुकमा रहेका नेपाली राजदूतावासहरूले करिब २ वर्षदेखि मागपत्र प्रमाणीकरण पृष्ठ २ मा

## वैदेशिक रोजगारीका नाममा ठगी गर्ने ३ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी माल्टा, क्यानडा र इराक पठाइदिन्छु भन्दै ठगी तथा मानव बेचबिखन गरेको उजुरीमा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले रसुवा गोसाइँकुण्ड गाउँपालिका- १ घर भई ललितपुर गोदावरी नगरपालिका- ३ बस्ने ४६ वर्षीय बिर्ख तामाङ र बाजुरा बूढीनन्दा नगरपालिका- ६ घर भई काठमाडौं तारकेश्वर नगरपालिका- ८ बस्ने २८ वर्षीय दीपेश रावतलाई वैदेशिक रोजगार ठगीको उजुरीमा पक्राउ गरेको छ ।


बिर्खले माल्टा पठाइदिन्छु भन्दै १ जनाबाट १२ लाख रुपैयाँ र दीपेशले क्यानडा पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४ लाख रुपैयाँ लिई सम्पर्कविहीन पृष्ठ २ मा

# राजावादीहरूमा भाँडभैलो

पञ्चायतकालमा महत्वपूर्ण पद र अवसर पाएका ८६ वर्षीय सुवेदी यतिबेला पूर्वराजा ज्ञानेन्द्र शाहलाई फर्काउने योजनासहित समिति बनाएर तेस्रो जनआन्दोलनको घोषणा गरेर लागेपछि उनीमाथि चर्को आलोचना भइरहेको छ

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ४ चैत ।

'तेस्रो जनआन्दोलन' भन्दै राजा फर्काउने उद्देश्यका साथ गरिएको 'संयुक्त जनआन्दोलन समिति'को घोषणाको विषयलाई लिएर राजावादीहरू आन्तरिक भाँडभैलोमा फसेका छन् । राप्रपाका नेता नवराज सुवेदीको संयोजकत्वमा घोषणा गरिएको समितिमा अधिकांश व्यक्तिलाई नसोधी राखेपछि उनीहरूबीच एकअर्काप्रति अविश्वासको खाडल बढेको छ ।



राजसंस्था पुनर्स्थापनाका लागि ठूला दलहरू छिटो नवीन समझदारीमा आऊन् भन्ने उद्देश्यका साथ सुवेदीको नेतृत्वमा तेस्रो जनआन्दोलन घोषणा भएको हो । उक्त घोषणाप्रति राप्रपा र राप्रपा नेपालले समेत असहमति जनाएका छन् ।

सुवेदीको नेतृत्वको संयुक्त जनआन्दोलन समितिमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा, विश्व हिन्दु महासंघ अन्तर्राष्ट्रियकी अध्यक्ष अस्मिता भण्डारी, केशरबहादुर विष्ट, पृष्ठ २ मा



# ‘सरकारमा जाने कुनै नीति छैन’

**काठमाडौं / मस**–नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन निर्वाचन प्रणाली र शासकीय स्वरुप परिवर्तन गर्नुपर्नेमा जोड दिएका छन् ।

जनता समाजवादी पार्टी (जसपा), संघीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठद्वारा लिखित ‘ऐतिहासिक नेपालमण्डल, संघवादया सिद्धान्त व नेवाः म्हसीका’ पुस्तकको सोमबार लोकार्पण गर्दै उनले पूर्णसमानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली नभएसम्म संघीय लोकतान्त्रिक गणतन्त्रले स्थायित्व र सुशासन दिन नसक्ने बताए ।

‘अहिलेका घटनाक्रमले यसलाई पुष्टि गरिरहेको छ । देशमा जस्तो राजनीतिक घटनाक्रम देखा पर्दैछ, यसले



शासकीय स्वरुप र निर्वाचन प्रणालीलाई संघीय लोकतान्त्रिक गणतन्त्र अनुकूल नबनाउँदासम्म यस्ता राजनीतिक घटनाक्रम बारम्बार आइरहने छन्’ अध्यक्ष दाहालले भने ।

सांसदहरू मध्येबाटै मन्त्रिमण्डल बनाउने प्रणालीले विभिन्न विकृति निम्त्याइरहेको र भ्रष्टाचार संस्थागत हुँदै जाने अवस्था देखिएको उनको भनाइ छ । अध्यक्ष दाहालले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली भएमात्रै राजनीतिक स्थायित्वसँगै जनताको आकांक्षा सम्बोधन हुने बताए ।

उनले नेपाल संवत्लाई राष्ट्रिय संवत् घोषणा गरी सरकारी दस्तावेजमा उल्लेख गर्ने र नेपाल भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोगको निर्णय गरेर नेवाः पहिचानलाई अगाडि बढाइएको बताए । अध्यक्ष दाहालले आफ्नो पार्टीले अहिले सरकारमा जाने नीति नलिएको स्पष्ट पारे । ‘देशमा संकट आयो भने त्यसलाई कसरी समाधान गर्ने भन्ने विचार दिन्छौं तर यही सरकारमा सहभागी हुने कुनै नीति छैन’ उनले भने ।

अध्यक्ष दाहालले सत्तारुढ दलसँग सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई चाँडो टुंग्याउन छलफल भए पनि सरकारबारे कुनै संवाद नभएको बताए । जसपा संघीय परिषद् अध्यक्ष श्रेष्ठले दशवर्षे सशस्त्र संघर्ष र जनआन्दोलनका बलमा नेपालबाट राजतन्त्र उन्मुलन भएको उल्लेख गर्दै इतिहासमा सीमित भइसकेको राजतन्त्र कुनै पनि हालतमा नफर्कने दाबी गरे ।

नेपाल भाषा एकेडेमीका चान्सलर मल्ल के सुन्दरले सामन्ती राजतन्त्रले नेवार समुदायको पहिचान नामेट पारेको दृष्टान्त दिँदै राजतन्त्रको पक्षमा नेवार समुदाय कहिल्यै नरहेको स्पष्ट पारे । भाषा आयोगका सदस्य सुरेशकिरण मानन्धरले विगत ४० वर्षदेखि वैचारिक आन्दोलनमा होमिएका नेवाः समुदायको सुक्ष्म अध्ययन गरेर पहिचानमा आधारित संघीयता नै समाधान हो भन्ने निष्कर्षसहित नेता श्रेष्ठले पुस्तक लेख्नुभएको बताए ।

# साउदीमा निधन भएका चौधरीको परिवारलाई आर्थिक सहयोग

**अन्जान गुभाजु / मध्यान्ह**
साउदी अरेबिया, ४ चैत

साउदी अरबको दमाममा गत मार्च ७ तारिख क्याम्पमा सुतिरहेको अवस्थामा निधन भएका रौतहट भवानीपुरका बिनोद कुमार चौधरीको परिवारलाई आर्थिक सहयोग गरिएको छ ।

चौधरी कार्यरत कम्पनीका कामदारहरूले सहयोगस्वरूप संकलन गरेको ११,५२५ साउदी रियाल (४ लाख २५ हजार २३८.८ रुपैयाँ) मृतकको परिवारलाई हस्तान्तरण गरिएको हो ।

करिब ८ महिनाअघि ४० वर्षीय चौधरी गण्डकी ओभरसिजबाट दमामस्थित अल दाम अल मुह्नाफ अपरेसन तथा मेन्टेनेन्स कम्पनीमा कामदार भिसामा आएका थिए । उनी सप्लाई कम्पनीमार्फत दमामको सेकेन्ड सनैयास्थित एक पाइप कम्पनीमा कार्यरत थिए ।



मार्च ६ बिहीबार राति ड्युटी गरी बिहान खाना बनाएर बेलुकी ड्युटीका लागि टिफिन तयार गरी सुतेको अवस्थामा उनको निधन भएको उनका सहकर्मी नेपाली सुपरभाइजर सुमन खड्काले जानकारी दिए ।

खड्काका अनुसार काममा अब्बल रहेका चौधरीको अकस्मात् निधनको खबरले आफूहरू मर्माहत भएको र उनको परिवारलाई थोरै भएपनि सहयोग पुगोस् भनेर कामदार साथीहरूबाट सहयोग संकलन गरिएको हो ।

कमाउन साउदी आएका चौधरीको निधनपछि मानवीय सहयोगस्वरूप संकलित रकम उनको परिवारसँग छलफल गरी आइतबार इन्जाज रेमिटमार्फत उनकी श्रीमती गीता चौधरीको खातामा हस्तान्तरण गरिएको नेपाली साझा मञ्च साउदीका कोषाध्यक्ष भरत पौडेलले जानकारी दिए ।

मृतक चौधरीको शव आवश्यक प्रक्रिया पूरा गरी छिट्टै स्वदेश पठाइने नेपाली दूतावासका प्रथम सचिव टीकाराम उपाध्यायले जानकारी दिए । मृतकका श्रीमती, एक छोरा र एक छोरी छन् । परिवारले चौधरीको शवलाई छिटोभन्दा छिटो स्वदेश फर्काइदिन साउदीस्थित संघसंस्था र नेपाली दूतावासलाई अपिल गरेका छन् ।

## संसद्मै...

छ’ भन्ने वाक्य थप्नुपर्ने प्रस्ताव राखेका छन् । निःशुल्क शिक्षाबारे प्रस्ट खाका विधेयकले तय गर्नुपर्ने संशोधन प्रस्ताव पनि सांसदहरूको छ ।

सांसदहरू गगन थापा र जीवन परियारले ‘निःशुल्क शिक्षा भन्नाले विद्यालयले विद्यार्थी वा निजको अभिभावकबाट शिक्षण शुल्कको नाममा कुनै पनि शुल्क नलिई प्रदान गरिने शिक्षा सम्झनुपर्छ’ भनेर लेख्नुपर्ने प्रस्ताव राखेका छन् । ‘निःशुल्क शिक्षा भन्नाले प्रारम्भिक बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म अभिभावकबाट कुनै पनि शीर्षकमा शुल्क नलिई सबै विद्यालयमा देशैभर निःशुल्क रूपमा दिइने शिक्षा सम्झनुपर्ने’ भनेर लेख्नुपर्ने प्रस्ताव अन्य सांसदहरूको पनि छ ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले ‘निजी लगानीका विद्यालय भन्नाले ५ वर्षभित्र सार्वजनिक शैक्षिक गुठी वा सामुदायिक विद्यालयमा परिणत हुने विद्यालय सम्झनुपर्छ’ भनेर लेख्ने प्रस्ताव राखेका छन् ।

शिक्षाको राष्ट्रिय मापदण्ड गरिनुपर्नेमा समेत सांसदहरूको संशोधन छ ।

प्रधानाध्यापक नियुक्तिको विषय, विद्यालय व्यवस्थापन समितिको विषयमा समेत सांसदहरूको संशोधन प्रस्ताव छ ।

शिक्षकको विषयमा पनि सांसदहरूको संशोधन छ । खासगरी शिक्षक कुन सरकारअन्तर्गत रहने भन्ने विषयमा बहस चलिरहेको छ ।

यी संशोधनकर्ता सांसदहरूसँग संसदीय समितिले एकसरो छलफल सकेको छ तर थप अगाडि बढाउन सकेको छैन ।

## शिक्षकदेखि...

सोमबार ३० वर्षे सेवा अवधि सकेर अनिवार्य अवकाशमा गएका थिए । देशको शान्ति सुव्यवस्था कायम राख्दै अपराध अनुसन्धाको प्रमुख जिम्मेवार निकाय नेपाल प्रहरी संगठन प्रमुख बनेका थापा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)का प्रमुख थिए ।

१९ भदौ २०५२ मा प्रहरी सेवामा प्रवेश गरेका प्रतिस्पर्धी ३ जनामध्ये दीपक थापा ६ चैत २०७९ मा वसन्त कुँवरसँगै एआईजीमा बढुवा भएका थिए । सुदीप गिरी र टेकबहादुर तामाङ २४ चैत २०७९ मा एआईजीमा बढुवा भएका थिए ।

यसअघि कुँवर पनि मेरिटका आधारमा बढुवा भएका थिए । प्रहरी ऐनमा परिवर्तन नभए नवनियुक्त आईजीपी थापाले करिब ६ महिना ८९ हजार फौजको कमान्ड गर्ने छन् । प्रहरी ऐनमा ३० वर्षे सेवा अवधि हट्ने सम्भावना भने न्यून छ ।

संसद्मा प्रहरी ऐनको प्रस्तावित विधेयक दर्ता छ । यो अवधिमा विधेयक पारित भए उनले थप ६ महिना मात्र प्रहरीको नेतृत्व गर्न पाउने छन् । प्रहरी नियमावली, २०१२ मा सरकारले उपयुक्त देखेका उम्मेदवारलाई प्रहरी महानिरीक्षकमा बढुवा गर्न सक्ने उल्लेख छ । त्यही कारण प्रहरी प्रमुख बन्नका लागि बढुवाको अन्तिम समयसम्म आकांक्षीहरूबीच राजनीतिक समर्थन जुटाउन दौडधुपमा थिए ।

यद्यपि, सरकारले पहिलो वरीयतामा रहेका थापालाई नै आईजीपी बनाएको हो । भक्तपुरका थापा प्रहरी सेवामा प्रवेश गर्नुअघि शिक्षण पेसामा संलग्न थिए । २०४८ सालमा उनले शिक्षा सेवा आयोगको परीक्षा दिए र निमावि शिक्षकमा नाम निकालेका थिए ।

भक्तपुर क्याम्पसमा बीए अन्तिम वर्ष पढ्दै गर्दा उनले कन्या मावि, भक्तपुरमा पढाउँथे । १० मंसिर २०५० मा प्रहरी निरीक्षकमा आवेदन दिएका उनी आईए र बीएमा क्याम्पस टपर हुन् । तत्कालीन सरकारले सर्टलिस्टमा परेका पहिलो समूहका ६० जनामध्ये ५२ जनालाई मात्र नियुक्ति दिएको थियो । बाँकी ८ जनालाई ६ महिनापछि १९ भदौ २०५२ मा दोस्रो समूहमा नियुक्ति दिएपछि थापा प्रहरी सेवामा प्रवेश गरेका हुन् ।

प्रहरी सेवामा उनले इलाका प्रहरी कार्यालय, साँगा, बुटवल र रौतहटको गरुडामा नेतृत्व गरे । यस्तै, प्रहरी वृत्त महाराजगन्ज, जिल्ला प्रहरी कार्यालय, रुकुम, खोटाङ, सुनसरी, मोरङ, मकवानपुर र चितवनको समेत कमान्ड गरेका थिए ।

बुटवल तालिम केन्द्र र प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जमा समेत काम गरिसकेका थापाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुर्खेत र बुटवल कार्यालयको प्रमुख भएरसमेत काम गरेका छन् ।

एसएसपी छँदा उनले उपत्यका अपराध अनुसन्धान कार्यालयको नेतृत्व गरेका छन् भने डीआईजी छँदा बाग्मती प्रदेश प्रहरीको नेतृत्व गरे । साथै, प्रबन्ध निर्देशनालय, प्रशासन विभाग, उपत्यका प्रहरी कार्यालयको समेत नेतृत्व गरिसकेका थापा प्रहरी संगठनमा विवादरहित छवि बनाएका प्रहरी अधिकृत हुन् ।

कल्याणकारी योजना तर्जुमा र कार्यान्वयमा महत्वपूर्ण काम गरेका थापाले प्रस्तावित प्रहरी ऐन, २०७९ को तर्जुमामा प्रहरीका तर्फबाट संयोजकको भूमिका निर्वाह गरेका छन् ।

## राजावादीहरूमा...

दुर्गा प्रसाईं, पशुपतिशम्शेर जबरा, डा. प्रकाशचन्द्र लोहनी, रमा सिंह, रवीन्द्र मिश्र, हरिबहादुर बस्नेतलाई सदस्य राखिएको छ । उक्त समितिको सदस्य सचिव राखिएका रवीन्द्र मिश्रलाई यस विषयमा कुरा गर्न खोज्दा सम्पर्कमा आउन चाहेनन् ।

आफूहरूलाई बिना जानकारी समितिमा राखिएको भन्दै राप्रपाका अध्यक्ष लिङ्देन, राप्रपा नेपालका अध्यक्ष थापा र सुवेदीबीच मतभेद बढेको छ । अर्का सदस्य केशरबहादुर विष्टले असन्तुष्टि जनाउँदै सदस्य नरहेको सार्वजनिक अभिव्यक्ति दिइसकेका छन् ।

त्यस्तै, सल्लाहकार बनाइएका नेपाल प्रज्ञाप्रतिष्ठानमा पूर्वउपकुलपति डा. जगमान गुरुङले समेत सल्लाहकारका लागि आफूसँग कुनै संवाद नभएको बताएका छन् । उनले भने, ‘यदि श्री ५ कै सदीक्षा हो भने नाइँ भन्न सक्दिनँ नत्र भोलिसम्ममा विचार गर्छु ।’

२०१९ सालमा पहिलो पटक राष्ट्रिय पञ्चायत सदस्य भएका सुवेदी २०४६ सालसम्म सत्ताका कुनै न कुनै पदमा निरन्तर रहेका व्यक्ति हुन् । १५ जेठ २०२४ मा पहिलो पटक अर्थ सहायकमन्त्री भएका सुवेदीले पञ्चायतकालीन सत्तामा महत्वपूर्ण जिम्मेवारी सम्हालेका थिए ।

मन्त्रालयको नेतृत्व नपाउँदा उनी कहिले राष्ट्रिय पञ्चायतको अध्यक्ष भए भने कहिले ‘गाउँ फर्क अभियान’का मस्यौदाकार बने । कहिले राष्ट्रिय पञ्च भेला समितिका महासचिव भएका थिए ।

उनी रामेछाप जिल्लाको पहिलो पञ्चायत सभापति भएको इतिहास छ । विश्वविद्यालय अध्ययनरत रहँदा परिवर्तनको पक्षमा क्रान्तिकारी भएर निस्किएका सुवेदी पञ्चायतको सत्ता स्वाद चाखेपछि ३० वर्ष लगातार सत्ता र शक्तिमा रहेका व्यक्ति हुन् ।

पञ्चायतकालमा महत्वपूर्ण पद र अवसर पाएका ८६ वर्षीय सुवेदी यतिबेला पूर्वराजा ज्ञानेन्द्र शाहलाई फर्काउने योजनासहित समिति बनाएर तेस्रो जनआन्दोलनको घोषणा गरेर लागेपछि उनीमाथि चर्को आलोचना भइरहेको छ । उनको विवादित छविका कारण अरू नेताहरू समितिमा बस्न नमानेका राप्रपाका एक नेताले बताए ।

## युरोप...

नगर्दा डिमान्ड भएका मुलुकमा पनि कामदार पठाउन नसकेको वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो छ । नयाँ मागपत्र नआए पनि पासपोर्ट होल्ड भएर बसेको बताइएको छ ।

नेपालबाट वार्षिक ७ लाख बढी युवा-युवती श्रम स्वीकृति लिएर वैधानिक रूपमा वैदेशिक रोजगारीमा जाने गरेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार चालू आर्थिक वर्षको ७ महिनामा मात्र पनि ३ लाख ५ हजार ५५२ जना वैदेशिक रोजगारीमा गइसकेका छन् । आर्थिक वर्ष २०८०/०८१ मा श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिएर ७ लाख १४ हजार २९७ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए ।

हाल मलेसियाको रोजगारी बन्द रहेको छ भने खाडी मुलुकमध्ये कतारमा विश्वकप फुटबलपछि सुस्ताएको श्रम बजार पुरानो लयमा फर्किन सकेको छैन । करिब ६ महिनायता यूएई निरन्तर रूपमा नेपाली कामदारको प्रमुख गन्तव्य बनिरहेको छ तर यूएईमा आकर्षक तलब पाउन नसकेको श्रमिकको गुनासो छ ।

## वैदेशिक...

भएको भन्ने उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले बिर्खलाई काठमाडौं शंखरापुर नगरपालिका-४ बाट आइतबार र दीपेशलाई काठमाडौं महानगरपालिका- २८ बाट सोमबार पक्राउ गरेको बताएको छ ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ । उता, वैदेशिक रोजगारीका नाममा इराक पुर्‍याएर मानव बेचबिखन गरेको उजुरीमा अर्का १ युवक पक्राउ परेका छन् । नुवाकोटको तारकेश्वर गाउँपालिका- ५ का हिरा तामाङलाई मानव बेचबिखन अनुसन्धान ब्युरोको टोलीले पक्राउ गरेको हो ।

तामाङविरुद्ध इराकमा आकर्षक तलब हुन्छ भन्दै प्रलोभन दिएर भिजिट भिसामा दुबई लगी केही समय त्यहाँ राखी इराक पुर्‍याएर मानव बेचबिखनको कसुर गरेको जाहेरी परेको छ । गत ५ फ्रेबुअरीमा इराकमा बन्धक बनाएको अवस्थाबाट उम्कन सफल भएको जाहेरी दिएका व्यक्तिले दाबी गरेका छन् ।

तामाङविरुद्ध काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले बताएका छन् ।


## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

**बागमती प्रदेश, हेटौंडा, नेपाल**

**करार सेवा सम्बन्धी सूचना ।**

**पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/१२/०५**

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक सेवा तर्फ आवश्यक देहायका जनशक्तिहरु करार सेवाबाट लिनुपर्ने भएकोले यो ग्यता पुगेका उम्मेद्वारहरुले रितपूर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक जनशक्तिः**

1. Professor / Associate Professor (Anatomy)
2. Professor / Associate Professor (Physiology)
3. Professor / Associate Professor (Biochemistry)
4. Professor / Associate Professor (Pathology)
5. Professor / Associate Professor (Pharmacology)
6. Professor / Associate Professor (Community Medicine)
7. Professor / Associate Professor (Microbiology)
8. Professor / Associate Professor (Surgery)
9. Professor / Associate Professor (ENT)
10. Professor / Associate Professor (Ophthalmology)
11. Professor / Associate Professor (Radiology)
12. Professor / Associate Professor (Psychiatry)
13. Professor / Associate Professor (Dental)
14. Professor / Associate Professor (Dermatology)
15. Professor / Associate Professor (Forensic Medicine)
16. Lecturer (Physiology)
17. Lecturer (Pathology)
18. Lecturer (Community Medicine)
19. Lecturer (Forensic Medicine)
20. Lecturer (Microbiology)
21. Lecturer (Ophthalmology)
22. Lecturer (Radiology)
23. Lecturer (Dermatology)
24. Lecturer (MDGP)
25. Lecturer (ENT)
26. Lecturer (Biochemistry)
27. Lecturer (Hematology)
28. Lecturer (Midwifery Nursing)
29. Lecturer (Community Health Nursing)
30. Lecturer (Psychiatric Nursing)
31. Lecturer (Pediatric Nursing)
32. Lecturer( Phamacology)
33. Intstructor (Lab medicine)

**दरखास्त बुझाउने अन्तिम मिति : २०८१/१२/११**

**नोट :** विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट www.mbahs.edu.np मा राखिएको सूचना हेर्न सक्नुहुनेछ । साथै थप जानकारीको लागि प्रतिष्ठानको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।



## कुवेतमा रोजगार

कम्पनीः FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO. W.L.L. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/२१ चलानी नं.: ६०२२९२९४ LT. No.: 314935 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Diesel Mechanic | 3 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ९०,१७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Trailer Drivers | 45 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ७२,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Frontline Recruitment
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८

**Frontline Recruitment Pvt. Ltd.**
Sinamangal -9, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-014593645/ 4593646/ 4593647
MOBILE:9851100134,9818819581,9804705263.
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com



**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Joshipur Project Implementation Unit**
**Joshipur, Kailali**

**Letter of Intent (LOI)**

**Date of publication: 18th March, 2025**

This is to notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID | Project Name Location | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | NP-DWSSM-424240-CW-RFB | Construction of Public Toilet in Joshipur Rural Municipality. | Munal/Satya JV Dhangadhi-05, Kailali | 61,44,978.71 |

**Project Manager**



Government of Nepal
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
Birgunj, Parsa

**NOTICE FOR INVITATION FOR BID (IFB)**

**First Date of Publication: 18th March 2025 ( BS-05/12/2081)**

1. Federal Water Supply and Sewerage Management Project, Birgunj, Parsa invites only electronic bids for the following works under National Competitive Biddings. Interested firms are requested to submit bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 17th April 2025 (BS-04/01/2082) 12:00.

| S.N | IFB NO. | Name of Contract | Cost of Bid Document (NRs.) | Bid Validity Period | Bid Security Amount(NRs.)/ Validit y Period |
|---|---|---|---|---|---|
| 1 | FWSSMPBIRGUNJ/NCB/WORKS/04/2081-82 | Construction of Phulbariya Water Supply Project, Bara | 5000.00 | 90 days | 21,90,000.00 /120 days |

**Note: For more information, please visit www.bolpatra.gov.np/egp**

**Project Chief**

# एमालेको निष्कर्ष–राजा फर्काउने प्रयास सफल हुँदैन



**काठमाडौं/मस–** सत्ताधारी नेकपा (एमाले)ले राजतन्त्र फर्काउने प्रयास सफल नहुने निष्कर्ष निकालेको छ ।

ललितपुरस्थित पार्टी कार्यालय च्यासलमा सोमबार बसेको सचिवालय बैठकले राजतन्त्र फर्किन सक्ने कुनै आधार नभएको निष्कर्ष निकालेको छ । बैठकले राजसंस्था र लोकतन्त्रसँगै जान नसक्ने ठहर गरेको छ ।

मुलुकलाई अलोकतान्त्रिक दिशामा पछाडि फर्काउने प्रयास स्वीकार्य नभएको भन्दै बैठकले विशेष प्रस्ताव पारित गरेको छ । पछिल्ला दिनमा गणतन्त्र र नेपालको संविधानविपरीत भएका गतिविधिप्रति बैठकले पार्टीको ध्यानाकर्षण गराएको छ ।

बैठक पछि उपमहासचिव ज्ञवालीले भने, 'राजतन्त्रले पटक–पटक जनताको अधिकारमाथि आक्रमण गरेकोले सर्वसत्तावादतर्फ उद्दत गर्दै राजतन्त्र र लोकतन्त्रसँगै जान सक्दैनन् भनेर गणतन्त्र स्थापना गरिएको हो । जनताको यस फैसलालाई उल्टाउने र देशलाई पश्चगामी दिशातिर फर्काउने कुनै प्रयास सफल हुँदैन ।'

उनले भने, 'अहिले पनि वंशको आधारमा शासन गर्ने बहस आफैँमा हास्यास्पद छ । यो देशको लागि हानीकरक र निरर्थक प्रयास हो । हाम्रो पार्टी संविधान र यसले संस्थागत गरेको संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशी प्रणालीको पक्षमा उभिन्छ ।'

'केही समययता लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधानप्रति भइरहेका सुनियोजित घटनाक्रमप्रति एमालेको गम्भीर ध्यानाकर्षण भएको छ,' ज्ञवालीले भने, 'लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको ७ दशक लामो बलिदानी संघर्षको परिणती हो ।'

# खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्ने सहमति पत्रमा हस्ताक्षर



**काठमाडौं/मस–** खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग र काठमाडौं महानगरपालिकाबीच खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्नका लागि सहकार्य गर्ने सम्बन्धी सहमति पत्रमा हस्ताक्षर भएको छ । सोमबार विभागको कार्यालयमा महानगरपालिका र विभागबीच सहमतिपत्रमा हस्ताक्षर भएको हो।

महानगरपालिकाको तर्फबाट महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नुरनिधी न्यौपाने र विभागका तर्फबाट महानिर्देशक सञ्जीवकुमार कर्णले सहमति पत्रमा हस्ताक्षर गरे ।

विभागका महानिर्देशक कर्णले विभागको संरचना ७५३ वटै पालिकामा निर्माण नभइसकेको भन्दै खाद्य स्वच्छता, गुणस्तर कायम गराउने काम तीन तहकै भएको जिकिर गरे । उनले काठमाडौं महानगरपाकिलासँग आज सुरुवात मात्रै गरिएको र आगामी दिनमा ७५३ वटै पालिकामा पुऱ्याउने लक्ष्य रहेको बताए ।

उनले ७ सय ५३ वटै पालिकासँग यो सहकार्य र सहमति गरेर अघि बढ्ने गरी अघि बढ्ने विश्वास व्यक्त गरे ।

खाद्य वस्तुहरूको गुणस्तरहरुको बारेमा विभागको अनुभव लामा भएपनि पर्याप्त श्रोत साधनका कमीका कारणले आवश्यक काम गर्न नसकेको उल्लेख गरे । उनले खाद्य प्रविधि लगायतका दक्ष प्राविधिकहरू राखेर अनुगमन र नियमन कार्यमा सहयोग गरेको खण्डमा सबै नेपालीहरूको स्वास्थ्यको सुरक्षा हुने दाबी गरे ।

महानगरपालिकामा खाद्य स्वच्छता र गुणस्तरको रूपमा छुट्टै निकाय राखेर अनुगमन र नियमन गर्नुपर्नेमा जोड दिए । खाद्य वस्तुहरूको परीक्षण, नियमन, प्रयोगशालाको व्यवस्थापन गर्नसके झनै राम्रो हुने जिकिर गरे ।

# पूर्वराजालाई राजनीतिक मैदानमा आउन सिटौलाको सुझाव



**काठमाडौं/मस–** नेपाली कांग्रेस नेता एवं राष्ट्रिय सभा सदस्य कृष्णप्रसाद सिटौलाले संविधानको गम्भीर र निर्मम समीक्षा गर्ने बेला आएको बताएका छन् ।

राष्ट्रिय सभाको सोमबारको बैठकमा बोल्दै नेता सिटौलाले संविधान जारी भइसकेपछि संसद्का प्रायः सबै पार्टीहरूले सरकारको नेतृत्व गरेको भएपनि अपेक्षाकृत उपलब्धी दिन नसकेको बताए । उनले संविधानले प्रत्याभूत गरेको जनताको हक र अधिकार दिन सकियो कि सकिएन, यसको समीक्षा गर्न अब विलम्व गर्न नहुनेमा जोड दिए ।

उनले भने, 'संविधान जारी भइसकेपछि यहाँसम्म आइपुग्दा हामी सबैले जसरी भएपनि सरकारको नेतृत्व गरेकै छौं । यो संविधानको कार्यान्वयनबाट हामीले जनतालाई के कति उपलब्धि दिनसक्यौं ? संविधानले ल्याएका संरचना र यसको भावको समीक्षा गर्ने बेला आएको छ । हामीले संविधानलाई जनताको हितमा प्रयोग गरेका छौं कि छैनौं ? हामीले नयाँ संविधानबाट जनताको स्वास्थ्यमा, शिक्षामा हामीले जनताको अधिकार प्रचलनमा ल्याउन सकेका छौं कि छैनौं ? यसको गम्भीर र निर्मम समीक्षा गर्ने बेला भएको छ ।'

सिटौलालले पूर्वराजा ज्ञानेन्द्र शाहको गतिविधिबारे टिप्पणस गर्दै परिवर्तनकारी दलहरूले गम्भरीतापूर्वक ध्यान दिन नसकेको बताए । उनले पूर्वराजा शाहले पनि स्पष्ट रूपमा जनतासामु आफू पनि राजनीतिको मैदानमा आएको भन्नुपर्ने बताए । 'पूर्वराजा शाहले समेत राजनीतिक दलहरूजस्तै जनतासामु नीति तथा कार्यक्रम पेश गरेर आउनु ठिक हुन्छ', सिटौलाले भने ।

उनले संविधान मान्ने र परिवर्तनको पक्षमा रहेका दलहरू समेत एकजुट भएर उभिने बेला आएको बताए । पूर्वराजातर्फ संकेत गर्दै उनले भने, 'उहाँले जनतासामु म अब राजनीतिक खेलाडीको रूपमा मैदानमा आएको भन्न सक्नुपर्छ ।

# १५ चैतमा लाखौं जनता उताछौं : नेकपा एस




**काठमाडौं/मस–** नेकपा (एकीकृत समाजवादी)ले राजावादीहरूलाई काउन्टर दिन १५ चैतमा काठमाडौंमा हुने समाजवादी मोर्चाको विरोधसभामा एक लाखभन्दा धेरै जनता उतार्ने दाबी बताएको छ ।

पार्टी कार्यालय सोमबार बसेको पार्टीको स्थायी कमिटी बैठकले १५ चैतमा काठमाडौंमा समाजवादी मोर्चाले आयोजना गर्ने विरोधसभालाई सफल बनाउन लाखौं जनतालाई उतार्ने सहितको योजनाका साथ अघि बढ्ने निर्णय गरेको हो ।

स्थायी कमिटीको बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उपाध्यक्ष जगन्नाथ खतिवडाले जनता गणतन्त्रकै पक्षमा छन् भन्ने देखाउन सकमाजवादी मोर्चाले विरोधसभा गर्न लागेको बताए । उनले दलहरूसँग जनता छैन भन्ने भाष्यलाई १५ चैतले झल्को दिने बताए । पूर्वराजा ज्ञानेन्द्र शाह नारायणहिटीमा टिकट काटेर पस्न पाउने तर राजतन्त्र फर्किने सम्भावना नभएको उपाध्यक्ष खतिवडाले बताए ।

उनले राजावादीको प्रदर्शनले दलहरू नडराएको भन्दै गणतन्त्र पक्षधरहरूले जनताको चेतना देखाउनका लागि प्रदर्शन गर्न लागिएको धारणा राखे ।

# 'जनताले चाहे राजतन्त्र फर्कन सक्छ'



**विराटनगर/मस–** नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले जनताले चाहे राजतन्त्र फर्कन पनि सक्ने बताएका छन् ।

सोमबार विराटनगरमा पत्रकारहरूसँग कुरा गर्दै डा. कोइरालाले जनताले चाहे राजतन्त्र फर्कन पनि सक्ने बताएका हुन् ।

जनताले नै चाहेको अवस्थामा कसैको केही नलाग्ने कोइरालाले बताए । 'जनताले चाहे राजतन्त्र फर्कन पनि सक्छ' उनले भने 'जनताले नै चाहेको खण्डमा हामी के गर्न सक्छौं ?' तर १० वर्षको अवधिमा बागमतीमा धेरै पानी बगिसेकाले तत्कालै राजतन्त्र फर्किहाल्छ भन्ने आफूलाई नलागेको उनको भनाइ छ ।

राजा फर्काउने विषयमा फ्रान्समा त अहिले पनि चर्चा भइरहेको उल्लेख गर्दै कोइरालाले भने, 'फ्रान्समा त अझै राजा फर्काउने चर्चा भइरहन्छ भने यहाँ प्रयास हुनु अनौठो होइन ।' राजाको बारेमा नेताहरूले बोलिरहनु जरुरी नरहेको कोइरालाले बताए । उनले जनताको आकांक्षा धेरै रहेको तर, त्यो पुरा गर्नेतर्फ दलहरू चुकेका कारण नै सडकमा जनआक्रोश देखिन थालेको धारणा राखे । राजनीतिक दलको कामका कारण जनतामा वितृष्णा पैदा भएकाले त्यही वितृष्णा सडकमा देखिएको कोइरालाको टिप्पणी छ ।

अहिले दलहरू त्रसित मनोभावनाबाट हिँडिरहेका कारण जताततै निषेधित क्षेत्र तोक्न थालिएको कोइरालाले बताए ।


## कतार र कुवेतमा रोजगार

कम्पनी: HIGH CLASS SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८१/१२/०३ — चलानी नं.: ६०२३४६०९ — LT. No.: 320479

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee & Tea Maker | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee And Tea Maker | 0 | 1 | | 1500 | ५७१६५ | | | | | | | |
| 3. | Ground Steward (Female) | 0 | 5 | | 1200 | ४५७३२ | | | | | | | |
| 4. | Waiter | 2 | 0 | | 1400 | ५३३५४ | | | | | | | |

कम्पनी: LAMOSH BEAUTY SALON FOR LADIES CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१२/०४ — चलानी नं.: ६०२३४६२९ — LT. No.: 320489

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ६७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/Pedicure | 0 | 3 | | 150 | ६७,६३० | | | | | | | |

कम्पनी: SUGER LADIES BEAUTY SALON CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१२/०४ — चलानी नं.: ६०२३४६३० — LT. No.: 320490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 13 | सम्बन्धित काममा दक्ष | 150 | ६७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure/Pedicure | 0 | 12 | | 150 | ६७,६३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.** Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com



## युरोप देश साइप्रसमा वैदेशिक रोजगारको सुनौलो अवसर

कम्पनी: **D.I. MAIN-LINE JOB AGENCY**
पूर्व स्वीकृत मितिः २०८१/१२/०४ — चलानी नं.: ६०२३४६६९ — LT. No.: 320557 — शहर: Limassol

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Employee | 20 | 0 | स. काममा दक्ष | 700 | १०५,७९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।

A minimum of 3 years of experience in a related field and fluency in English are mandatory.

साथै Overseas Experience र Fluency English भएको Cook, Waiter, Housekeeping, Steward, Cleaner र Gardener हरुले नि:शुल्क परामर्शका लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ८०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**LANGTANG OVERSEAS PVT.LTD.** Govt. Lic. No.:1643/080/081
Basundhara-03, Kathmandu Nepal. Tel: 014971229, 5903078, 5903079, Hotline - 980-2370863
Email - info@langtangoverseas.com, Website: www.langtangoverseas.com
Pokhara Contact 061-570074, 061-570075, Mobile - 9810124144, 9707947852



## कतारमा रोजगार

कम्पनी: MULTIPLEX CLEANING AND CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८१/१२/०३ — चलानी नं.: ६०२३४६५८ — L.T. No.:320465

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1700 | ६४७८७ | | | | | | | |
| 3. | Dry Clean Worker | 11 | 11 | | 1000 | ३८११० | | | | | | | |
| 4. | Foreman | 1 | 0 | | 2500 | ९५२७५ | | | | | | | |
| 5. | General Cleaning Worker | 14 | 10 | | 1000 | ३८११० | | | | | | | |
| 6. | Helper | 2 | 6 | | 1000 | ३८११० | | | | | | | |
| 7. | Labor Services | 3 | 0 | | 1000 | ३८११० | | | | | | | |
| 8. | Labour | 7 | 0 | | 1000 | ३८११० | | | | | | | |
| 9. | Mason | 2 | 0 | | 1200 | ४५७३२ | | | | | | | |
| 10. | Plumber | 1 | 0 | | 1200 | ४५७३२ | | | | | | | |
| 11. | Supervisor | 1 | 1 | | 2500 | ९५२७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**JALAJALA RECRUITMENT PVT. LTD.** Gov. Lic No. 1224/074/075
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com



## कुवेतमा रोजगार

कम्पनी: DIRECT COMPANY FOR CONSUMER ORDER DELIVERY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०६/१३ — चलानी नं.: ६०२२५९८१ — L.T. No.: 311470 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 25 | 0 | स. काममा दक्ष | 135 | ६०,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गत (25 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.** Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com



## युएईमा रोजगार

कम्पनी : FOCUS SECURITY SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/०४ — चलानी नं.: ६०२३४६६२ — LT. No.: 320456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 85 | 12 | स. काममा दक्ष | 2000 | ७५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MEMC MIDDLE EAST MAINTENANCE AND CLEANING LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/०४ — चलानी नं.: ६०२३४६६३ — LT. No.: 320455

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaners | 25 | 12 | स. काममा दक्ष | 800 | ३०,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Continental HRD Consultants Pvt. Ltd.** Gov.Lic.no.: 983/067/068
Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269 9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414602
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.** श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Mobile : 9851024839 | 9841494792 | 9813990210 | 9813828296
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

## साउदीमा रोजगार

कम्पनी : NASEEM AL NAMAS FACTORY FOR INDUSTRY शहर: TABUK
पूर्व स्वीकृत मिति: २०८१/१२/०४ चलानी नं.: ६०२३४६४९ LT. No.: 320526

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४४,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

## साउदीमा रोजगार

कम्पनी : JASMINE WATER AND BEVERAGES FACTORY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०२ चलानी नं.: ६०२३४६४८ L.T. No.:320420

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

५ चैत २०८१ मंगलबार
18 March 2025, Tuesday

# किवी खेतीबाट वार्षिक ५ लाख आम्दानी



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ४ चैत

अर्घाखाँची जिल्लाको भूमिकास्थान नगरपालिका वडा नं. ९ सानाडेभाका ३८ वर्षीय हिमाल तङनामी मगरले व्यावसायिक रूपमा किवी खेती गरी वार्षिक ५ लाख भन्दा बढी आम्दानी गर्दै आएका छन् । २०७५ सालदेखि व्यावसायिक किवी खेती सुरु गरेका मगरको दैनिकी किवीको हेरचाह, गोडमेल, बजार व्यवस्थापन लगायतका कामहरूमा बित्ने गर्छ । मगरको बारीमा सिजनको बेला ३० क्वीन्टल किवी उत्पादन भएको थियो ।

तङनामीले सानैदेखि खेतीपातीमा रूची थियो । उनलाई घरखर्च चलाउन समस्या परेपछि वैदेशिक रोजगारीको क्रममा साउदीमा बस्दै गर्दा यहाँको किवी खेतीको विषयमा अध्ययन गरेका थिए । केही वर्षको विदेश बसाइँ पछि नेपाल फर्किएर उनले आफ्नै घरको बारीमा व्यावसायिक किवीखेती सुरु गरेका हुन् । 'समुद्री सतहभन्दा चौध, पन्ध्र सय फिट उचाइमा रहेको यस्तो पहाडी समथर ठाउँमा किवी, एभोकाडो, जस्ता फलफूल हुन्छन् भन्ने कुरा मलाई थाहा भयो यसका बिरुवा कहाँ पाइन्छ भनेर खोजी गर्नेक्रममा कृषि ज्ञानकेन्द्र अर्घाखाँचीसँग समन्वय गरेपछि ज्ञान केन्द्रको सहयोगमा बिरुवा रोपेको थिएँ, अहिले निकै राम्रो आम्दानी भएको छ', उनले भने । उनले भाले बुनो र पोथी मचुवा जातको किवी लगाएका छन् । अरू पेसालाई छाडेर कृषि फार्म दर्ता गरी व्यावसायिक रूपमा किवी खेती थालेका मगरले अहिले ७ रोपनीभन्दा बढी क्षेत्रफलमा खेती गरिरहेको बताए । किवी खेतीमा सम्भावना देखेर यो पेसा अपनाएको बताउँदै उनले सुरुमा एक सय १० बोट ल्याएर सो खेतीको सुरुवात गरेका थिए ।

उनको बारीमा उत्पादन भएको किवी अर्घाखाँची, गुल्मी, पाल्पा, कपिलवस्तुमा बिक्री हुँदै आएको छ । 'यस वर्ष उत्पादन भएका किबी बारीबाट टिप्नु अगाडि ग्राहकको माग धान्न गाह्रो भएको थियो', उनले भने । किवी खेतीसम्बन्धी विभिन्न ठाउँमा पुगेर विज्ञहरूबाट तालिमसमेत लिएपछि उनले खेती सुरु गरेको जानकारी दिए । २०७५ मा पहिलो पटक तीन क्वीन्टल उत्पादन गरेको बताउँदै उनले अहिले वार्षिक २५ देखि ३० क्वीन्टलसम्म उत्पादन हुने गरेको बताए ।

सुरुका वर्ष प्रतिकिलो पाँच सयका दरले बिक्री भएको किवी पछिल्लो समय मूल्य घटेपनि उत्पादन बढी हुन थालेकाले मगरको आम्दानी भने वृद्धि भएको छ । 'किबी खेतीलाई अन्यबाली जस्तो दैनिक हेरचाह गरिरहनुपर्दैन, वारिभित्र आलु, सागसब्जीलगायत नगदेबालीको खेती पनि गर्न सकिन्छ', उनले भने, 'कम मेहनतमा बढी आम्दानी दिने हुँदा यसवर्ष थप विस्तार गर्ने तयारी गरिरहेको छु', उनले भने । आगामी वर्षदेखि अनुमानित एक सय ५० क्विन्टलसम्म उत्पादन हुने गरी खेती मगरले खेतीको विस्तार गर्न लागेका छन् । हाल बिरुवा र फलबाट वार्षिक ५ लाख भन्दा बढी आम्दानी गरिरहेका उनले आगामी वर्षदेखि आम्दानी वृद्धि हुने अनुमान गरेका छन् ।

६ देखि ८ मिटरको दूरीमा रोपिने किवीलाई अन्य बालीलाई भन्दा कम मेहनत गर्दापनि पर्याप्त उत्पादन लिन सकिन्छ । लहरे फलका रूपमा हुने किवीले लगाएको तीन वर्षदेखि फल्न सुरु भइ ५० वर्षसम्म निरन्तर उत्पादन दिने गर्छ । किवी फललाई चाउरीपन, उच्च रक्तचाप, पोषण, छाला तथा मुटुका रोगीले सेवन गर्नु फाइदाजनक मानिने वरिष्ठ चिकित्सक अशोक शाहले बताएका छन् ।

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

प्रकाशित मिति : २०८१/१२/०५

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| S. N. | Name of Goods | Size | Brand | Model | Average Capacity | Sure Capacity | Country of Origin | Retail Price (with VAT) NRs. | Rem. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning (Outdoor Unit) | 175 KG | Hisence | AVW-114HKFH1 | 12 ton | 12 ton | China | 597,756.00 | |
| 2 | Air Conditioning (Indoor Unit) | 21.3 KG | Hisence | AVD-12HCFCL | 1 ton | 1 ton | China | 50,334.00 | |
| 3 | Air Conditioning (Indoor Unit) | 23.3 KG | Hisence | AVD-15HCFCL | 1.5 ton | 1.5 ton | China | 62,158.00 | |

MEP Smat Service & Trading Pvt. Ltd., Ka.ma.na.pa.-32, Kathmandu, phone: 9801181393, VAT No. 610109641

## सुनकोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पाङ्गेटार, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सूचना

(प्रकाशित मितिः २०८१/१२/०५)

सुनकोशी गाउँपालिकाको कार्यालय, पाङ्ग्रेटार, सिन्धुपाल्चोकबाट मिति २०८१/१०/२५ र मिति २०८१/११/१३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र र सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा न्यूनतम मूल्यांङ्कित सारभूत रुपमा प्रभावग्राही भएका निम्न बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | योजनाको शीर्षक | न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT, PS र contingency बाहेक) |
|---|---|---|---|---|
| १ | SRM/Works/Road /NCB/081/82-10 | Upgrading Works of Sitapaila Thamdanda Padmarga, Sunkoshi RM-01 | श्री S.S.D Construction Pvt. Ltd. Melamchi-09, Sindhupalchok | रु. ७०,५९,५५२.३९ |
| २ | SRM/G/MED /SQ/081/82-05 | Procurement of Supply and Delivery of Medicine | श्री Medigold International Private Limited Lokanthali, Bhaktapur | रु. ८,५६,२०९.०० |

## Triveni Rural Municipality
## Office of the Rural Municipal Executive

Jugar, Rolpa
Lumbini Province, Nepal

### Invitation for Bids

**Date of Pubilication : March 18, 2025**

Triveni Rural Municipality, Jugar Rolpa invites electronic bids from eligible bidders for the following construction project details under Seal Quotation & National Competitive Bidding- Single Stage Single Envelpoe Bidding procedures .

| S. N. | Contract ID | Name of Works | Bidding Procedures | Cost of Bid Document NRs. | Bid Security NRs. | Total Estimate Amount Including VAT & PS Item NRs. |
|---|---|---|---|---|---|---|
| 1 | TRM/ROLPA/ ROAD/ SQ/15/081/082 | Upgrading of Salmaja to Shardhara,Saune Khola-Ram Pra.Vi Sadak,Darbai Tin Pokhari,Virghari Kharibot Sadak and Jumley Pokhari-Kavrabot Sadak | Seal Quotation | 1000.00 | 37,500.00 (which must valid up to 90 days) | 14,98,526.75 |
| 2 | TRM/ROLPA/ WORKS/ NCB/16/081/082 | Construction of Lekh Besi Agricultural Product Collection Center & Ward no.7 Office Building Talla Thap at Triveni 07 Rolpa | Single Stage Single Envelpoe Bidding procedures | 3000.00 | 65,000.00 (which must valid up to 120 days) | 24,99,414.89 |

**Bid Schedule & Bank Account Details**

| Last Date & Time of bid purchase For NCB | Last Date & Time of bid submission and opening | Bank Account Details | | |
|---|---|---|---|---|
| April 16 2025 within office hours<br>**For Seal Quotation**<br>April 01 2025 within office hours | April.17, 2025 at or before 12:00 hrs. and at 13.00 hrs. respectively<br>**For Seal Quotation**<br>April.02, 2025 at or before 12:00 hrs. and at 13.00 hrs. respectively | Name of Bank:-Nepal Investment Megha Bank Branch Office, Jugar, Rolpa | Ga.1.1 Tribeni Ga.Pa Aantarik Rajawso Khata no. (For cost of Bid Document)<br>A/C No.07101400250108 | Ga 3.1 Tribeni Ga.Pa Dharauti Khata No. (For Bid Security)<br>A/C No.07101040251464 |

Bidders may obtain further information from the office or may visit PPMO's website:www.bolpatra.gov.np under the name of Public Entity " Triveni Rural Municipality" Jugar Rolpa

**Chief Administrative Officer**

## काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति : २०८१/१२/०५ गते**

श्री नवदुर्गा सामुदायिक वन उपभोक्ता समूह, बराहताल गा.पा.-४, सुर्खेतको सामुदायिक वनबाट उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल जातको गोलिया काठ ए ग्रेड ४ थानको ६५.१० क्यूफिट, बी ग्रेड ५८ थानको ८७२.४ क्यूफिट, सी ग्रेड १३३ थानको ८७७.८ क्यूफिट, डी ग्रेड ७० थानको ३२६.४ क्यूफिट गरि कूल २६५ थानको २१४१.७ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक सुचिकृत व्यवसाय, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस श्री नवदुर्गा सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, बराहताल गा.पा.-४, सुर्खेत, सव डिभिजन वन कार्यालय थापाडेरा, सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री नवदुर्गा सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा. वडा नं.-४, सुर्खेत**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
## राजस्व अनुसन्धान कार्यालय
इटहरी, सुनसरी

### लिलाम विक्रीका लागि शीलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१/१२/०५ गते**

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका तथा लिलाम गर्नुपर्ने मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावाली २०७० को नियम २६ बमोजिम शिलबन्दी दरभाउपत्रका माध्यमबाट लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण राजस्व अनुसन्धान विभागको वेवसाइट www.dri.gov.np तथा यस कार्यालयको सूचनापाटीमा समेत हेर्न सकिनेछ ।

**प्रमुख अनुसन्धान अधिकृत**

## काठ बिक्री सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/१२/०५**

यस सा.व.उ.स ले नियमानुसार संकलन, ग्रेडिङ र घाटगद्दि गरि राखेको लट नम्बर २ को साल जातको **थान ९०** को परिमाण **७५७.२२ क्युफिट** गोलिया काठ समूह बाहिर बिक्री वितरण गर्नु पर्ने भएकाले इच्छूक व्यवसायीलाई प्रकाशित मितिले २१ दिन भित्र गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ । थप जानकारी समुहको कार्यालयको सुचना पार्टी हेर्नू होला ।

**श्री नवज्योती सा.व.उ.स रौतामाइ गापा ७ उदयपुर**

# प्रदेश अस्पताललाई प्राज्ञिक संस्था बनाउन सुझाव

**सुर्खेत/मस**–कर्णालीको राजधानी वीरेन्द्रनगरमा रहेको प्रदेश अस्पताललाई प्राज्ञिक संस्थाको रूपमा विकास गर्न सिफारिस गरिएको छ । प्रदेश सरकारले गठन गरेको विज्ञहरूको उच्चस्तरीय अध्ययन समितिले यस्तो सिफारिस गरेको हो ।



४ महिना लगाएर तयार पारेको अध्ययन प्रतिवेदन प्रदेश सरकारलाई बुझाउँदै समितिले कर्णालीको समग्र स्वास्थ्य सेवामा सुधार ल्याउने विभिन्न विकल्पहरू पनि सुझाएको छ ।

प्रदेश सरकारले वरिष्ठ मुटुरोग विशेषज्ञ डा.भगवान कोइरालाको संयोजकत्वमा विज्ञहरू सम्मिलित अध्ययन समिति गठन गरेको थियो । सोही समितिले अध्ययन प्रतिवेदन प्रदेश सरकारलाई बुझाएको हो । प्रतिवेदनमार्फत समितिले प्रदेश अस्पताललाई स्तरोन्नति गर्न सुझाव दिएको छ ।

प्रतिवेदन बुझाउँदै समितिका संयोजक डा. कोइरालाले भने, 'प्रदेश अस्पतालको स्तरोन्नतिको बारेमा हामीले अध्ययन गरेका थियौं, अध्ययनको निष्कर्षअनुसार नै हामीले अब प्रदेश अस्पताललाई प्राज्ञिक तथा शैक्षिक संस्थामा स्तरोन्नति गर्न सुझाव दिएका छौं ।'

कुनै बेला विशेषज्ञ चिकित्सक र उपकरणाको अभावमा कर्णालीका बिरामीहरू उपचारका लागि बाहिर जानुपर्ने बाध्यता थियो । तर पछिल्लो समय प्रदेश अस्पतालमा दक्ष जनशक्ति र भौतिक संरचनाहरू उपलब्ध भएपछि उपचारमा सहज भएको छ । यही कारण पनि यो अस्पताललाई अब मेडिकल शिक्षा प्रदान गर्ने संस्थाको रूपमा विस्तार गर्नुपर्ने बहस सुरु भएको हो । प्रदेश सरकारले सम्भाव्यता अध्ययन गर्न समिति नै गठन गरेको थियो ।

समितिले प्रदेश अस्पतालको स्थलगत अध्ययन, कर्णालीको आर्थिक तथा भौतिक क्षमता, प्रदेशको आवश्यकता र सरोकारवालासँगको छलफलबाट प्रदेश अस्पताललाई मेडिकल शिक्षा प्रदान गर्ने प्राज्ञिक संस्थाको रूपमा स्तरोन्नति गर्न सुझाव दिएको हो । समितिका संयोजक डा. कोइरालाले प्रदेश अस्पताललाई प्राज्ञिक तथा शैक्षिक संस्थाको रूपमा विकास गर्न सकिने लगायतका विभिन्न ५ वटा विकल्प दिइएको जानकारी दिए । उनका अनुसार प्रतिवेदनमा कर्णालीको समग्र स्वास्थ्य सेवामा सुधार ल्याउन र प्रदेश अस्पताललाई स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने जनशक्ति, संरचना, चुनौती र अवसरहरू समेटेर पाँच वटा विकल्पहरू दिइएको छ ।

समितिले राष्ट्रिय, अन्तर िष्ट्रिय र प्रदेशका नीतिहरू अध्ययन गरिएको तथा सुझावहरू संकलन गरी प्रतिवेदन तयार पारिएको जनाएको छ । ५ वटा विकल्पहरूमध्ये प्रदेश सरकारले आफ्नो क्षमता र बजेटअनुसार कार्यान्वयन गर्न सक्ने समितिको भनाइ छ । प्रदेश अस्पताललाई शैक्षिक र प्राज्ञिक संस्थाको रूपमा स्तरोन्नति गरेर मेडिकल शिक्षा अध्ययन तथा अध्यापन गर्न सकिने सम्भावना रहेको समितिको निष्कर्ष छ ।

# चरिकोटमा 'स्ट्रिट फुड फेस्टिभल' हुने

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, ४ चैत

दोलखा सदरमुकाम चरिकोटमा ३ दिने स्ट्रिट फुड फेस्टिभल हुने भएको छ । जिल्लाको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले दोलखा चेम्बर अफ कमर्स र दोलखा जिल्ला होटल तथा पर्यटन व्यवसायी संघको संयुक्त आयोजनामा 'दोलखा स्ट्रिट फुड फेस्टिभल २०८२' हुने सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।




नयाँ वर्ष २०८२ को अवसरमा चैत ३१ गतेदेखि २०८२ साल वैशाख २ गतेसम्म फेस्टिभल हुनेछ। जिल्लाको व्यापार, व्यवसायलाई थप चलायमान गराउने उद्देश्यले कृषि, पर्यटन, महिला उद्यम लगायत स्थानीय जातजातिको रैथाने खानाका परिकार तथा विविध लोपोन्मुख सांस्कृतिक क्षेत्रलाई उकास्न कार्यक्रमको आयोजना गर्न लागिएको चेम्बरका अध्यक्ष रूद्रजंग बुढाथोकीले जानाकारी दिए ।

कार्यक्रममा खानाको प्रतियोगिता, प्रदर्शनी र स्वाद परीक्षण दर्शकहरुलाई स्थानीय खानाको विविधता र स्वादको अनुभव गराइनेछ । सांस्कृतिक कार्यक्रमहरु अन्तर्गत नृत्य प्रतियोगिता, खाना प्रतियोगिता, लाइभ दोहोरी र परम्परागत झाँकी प्रदर्शन गरिनेछ। यस्तै स्थानीय र राष्ट्रिय स्तरका कलाकारहरुको प्रत्यक्ष प्रस्तुती एवम् प्रदर्शनी रहने आयोजकले जनाएको छ । महाभूकम्प, नाकाबन्दी र आर्थिक मन्दीको कारण, २०७६ सालमा देखिएको कोभिड-१९ले उठ्नै नसक्ने अवस्थामा रहेको व्यापार व्यवसायलाई फेस्टिभलले चलायमान बनाउने अपेक्षा राखिएको छ ।


## आफन्त बचत तथा ऋण सहकारी संस्था लि

**का.म.न.पा. वडा नं.-३१, मिनभवन, काठमाडौं, सम्पर्क- ०१४१०६५३२**

### धितोमा रहेको सम्पत्ति लिलाम सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रकाशित मिति २०८१।१२।०५**

*यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु/बुझाउनु पर्नेमा सो नबुझाई सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको वेवास्ता गरी संस्थालाई बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्तबन्देज उल्लंघन गर्नुभएकोले भाखा नाघेको कर्जा चुक्ता गर्नु भनि पटक पटक लिखित ताकेता गर्दै मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सूचना प्रकाशित गर्दा पनि कर्जा चुक्ता गर्न नआएकोले निज ऋणीले लेखाई दिएको धितो सुरक्षण बापतको धितो लिलाम गर्ने सूचना प्रकाशित गरिएको छ । यस संस्थालाई लेखि दिएको तपसिल बमोजिमको अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन नियम तथा प्रचलित कानून अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन (मिति-२०८२।०१।०८ गते सोमबार) भित्र संस्थाको कार्यालय, मिनभवन काठमाडौंमा समय ५:०० बजे भित्र आइपुग्ने गरी आफूले लिन कबुल गरेको रकमको अङ्क खुलाई यसमा उल्लेख गरिएको शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । बोलपत्रका शर्तहरु संस्थाको सूचना पाटी र बोलपत्र फारामको पछाडी पृष्ठमा उल्लेख छ । प्राप्त बोलपत्रहरु स्थानीय तथा प्रशासनिक निकायका प्रतिनिधिहरुको रोहबरमा सूचना प्रकाशित भएको मितिले ३६औं दिन मिति २०८२।०१।०९ गते मङ्गलबार दिउँसो ३:०० बजे खोलिने ब्यहोरा ऋणी/ घर, जग्गाधनी लगायत सबैलाई जानकारी गराइन्छ । धितो सुरक्षण लिलामबिक्री गर्दा पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाममा रहेको अन्य चल अचल जायजेथाबाट बाँकी कर्जाको लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा व्यक्तिगत जमानीकर्ता र सरोकारवालाहरुलाई यसै सूचनाद्वारा सूचित गराइन्छ । साथै उक्त अवधिभित्र सम्पूर्ण कर्जा चुक्ता नभएमा ऋणी तथा एकासगोल परिवारका व्यक्तिहरुलाई कुनै पनि कारोबार गर्न नपाउने गरी कालोसूचीमा (Black List) समावेश गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति विक्री हुन नसकेमा संस्थाले उल्लेखित सम्पत्ति गैन्ह बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्न सक्नेछ । शिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।*

| ऋणीको नाम, ठेगाना र तीनपुस्ते | | धितो विवरण | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|---|
| नाम : शोभा कार्की<br>बुबा : विष्णु बहादुर खड्का<br>पति : गोविन्द बहादुर कार्की<br>स्थायी ठेगाना: सुन्दरपुर गा.बि.स./ न.पा. वडा नं. ४, उदयपुर, नेपाल<br>नागरिकता नं.: १२८२९, उदयपुर<br>सम्पर्क नं.: ९८४१२८७२३४ |  | मा.पो.का. सप्तरीमा निज शोभा कार्कीका नाममा दर्ता स्रेस्ता कायम रहेको सप्तरी जिल्ला भरुवाखाल गा.बि.स./न.पा. वडा नं. ७ ख, कि.नं. ५४ क्षे.फ.- ०-११-१२ जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................ | गोबिन्द बहादुर कार्की<br>(ना.प्र.नं. १२८११, उदयपुर)<br>ठेगाना: सुन्दरपुर गा.बि.स. / न.पा. वडा नं. ४, उदयपुर<br>ऋणीसँगको सम्बन्ध: पति |



प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## शिक्षा विकास निर्देशनालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

### बोलपत्र स्वीकृती गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१२/०५**

यस कार्यालयबाट प्रकाशित तपशिलका ठेक्कामा तपशिल बमोजिमको बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावकारी देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनका निम्ति सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | वोलपत्रदाताको नाम/ठेगाना | कवोल रकम (भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|
| १ | EDD/SKT/W/NCB/18/081-082 | Arun and Aviyan Construction Birendranagar -2 Surkhet | २६१६६९८।९० |
| २ | EDD/SKT/W/NCB/19/081-082 | Arun and Aviyan Construction Birendranagar -2 Surkhet | २८३७२९२।२० |
| ३ | EDD/SKT/W/NCB/20/081-082 | Arun and Aviyan Construction Birendranagar -2 Surkhet | २४३१३१६।३० |
| ४ | EDD/SKT/W/NCB/21/081-082 | Arun and Aviyan Construction Birendranagar -2 Surkhet | २३४०६६४।४२ |
| ५ | EDD/SKT/W/NCB/22/081-082 | Arun and Aviyan Construction Birendranagar -2 Surkhet | २४४३०३८।६५ |

**नि. निर्देशक**



## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/१२/०५ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले गोगंबु शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८१/०२/१४ गते राष्ट्रिय दैनिक नेपाल समाचार पत्र पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि ।**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा- २९ हालको ठेगाना : का.म.न.पा- २६ सामाखुशी,** **दर्ता नं: ५९५/०५६/५७**

| संचालक तथा जमानीकर्ताको विवरण | |
|---|---|
| **१) नाम : राज कुमार लामा (अध्यक्ष तथा जमानीकर्ता )**<br>बाबु : छत्र बहादुर लामा<br>बाजे : पुड्के तामाङ<br>ना प्र नं. ८०५४७<br>ठेगाना :थानसिङ्ग-८, नुवाकोट | **७) नाम : पेम्वा शेर्पा (संचालक तथा जमानीकर्ता )**<br>बाबु : छेटेन शेर्पा<br>बाजे : सुकु शेर्पा<br>ना.प्र.नं : २७२९५९/१४८२/२५५९/४७४९५<br>ठेगाना : का.म.न.पा -२९ |
| **२) नाम : विमला बस्नेत (उपाध्यक्ष तथा जमानीकर्ता )**<br>बाबु: चोप बहादुर खत्रि<br>बाजे : शम्सेर बहादुर खत्रि<br>ना.प्र.नं : ८०९४१<br>ठेगाना : सतिस्वारा -३, तनहु | **८) नाम : ज्ञान बहादुर तामाङ (पुर्व अध्यक्ष )**<br>बाबु : सन्तविर तामाङ<br>बाजे : दर्मेसिंह तामाङ<br>ना प्र नं. ५४४००<br>ठेगाना : बोल्दे फेदिचे -९, काभ्रेपलाञ्चोक |
| **३) नाम : राजु सापकोटा (सचिव तथा जमानीकर्ता)**<br>बाबु : मुक्तिबहादुर सापकोटा<br>बाजे : भवनाथ सापकोटा<br>ना.प्र.नं : ३०१०७३/१५८३७०<br>ठेगाना : पनौती -१, काभ्रेपलाञ्चोक | **९) नाम : बुद्धि बहादुर तामाङ ( पुर्व संचालक )**<br>बाबु : विर्ष बहादुर तामाङ<br>बाजे : धर्म तामाङ<br>ना प्र नं. १५९४<br>ठेगाना : मार्पाक -८, धादिङ |
| **४) नाम : श्याम बहादुर तामाङ (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : मान बहादुर तामाङ<br>बाजे : गंगाराम तामाङ<br>ना.प्र.नं : ४४९६/१७३२६<br>ठेगाना : का.म.न.पा -२७ | **१०) नाम : हरिशरण पन्त (पुर्व संचालक)**<br>बाबु : रुद्र प्रसाद पन्त<br>बाजे : पदम प्रसाद पन्त<br>ना प्र नं. ५६९४१<br>ठेगाना :सरमथली -९, काभ्रे |
| **५) नाम : बाबुराम लोप्चन (लामा) (संचालक )**<br>बाबु : सिताराम लोप्चन (लामा)<br>बाजे : चन्द्रजित लोप्चन (लामा)<br>ना.प्र.नं : २३४३<br>ठेगाना : का.म.न.पा -१९ | **११) नाम : नर बहादुर तामाङ - (कर्जा प्रमुख तथा जमानीकर्ता)**<br>बाबु : सन्ते तामाङ<br>बाजे : मानदेव तामाङ<br>ना प्र नं. १४१५२<br>ठेगाना : तारकेश्वर -११, काठमाण्डौ |
| **६) नाम :बुद्धि बहादुर तामाङ (संचालक तथा जमानीकर्ता )**<br>बाब : नामगेल तामाङ<br>बाजे : लाल विर तामाङ<br>ना.प्र.नं : ५०३२<br>ठेगाना : सत्यदेवी -७, धादिङ | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री नेशनल नमोबुद बचत तथा ऋण सहकारी संस्था लिको नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा वडा नं. २९ को कित्ता नं. २८४ को क्षेत्रफल १६८.८९ , को घर जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री मान बहादुर तामाङको नाति श्री राम बहादुर तामाङको छोरा काठमाण्डौं जिल्ला सितापाईला गा.वि.स./न.पा वडा नं. ८ बस्ने बस्ने श्री दिनेश तामाङको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला सितापाईला गा.वि.स./न.पा वडा नं. ८ को कित्ता नं.७८ को क्षेत्रफल २९७.०० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री सुकु शेर्पाको नाति श्री छेटेन शेर्पाको छोरा काठमाण्डौ जिल्ला का म न पा गा.वि.स./ न.पा वडा नं. २९ बस्ने श्री पेम्बा शेर्पाको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला जितपुर गा.वि.स./ न.पा वडा नं. ३ को कित्ता नं. २८४ को क्षेत्रफल ५०८.७४ , कित्ता नं. ४४९ को क्षेत्रफल २५४.३२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री पुड्के तामाङको नाति श्री छत्र बहादुर लामाको छोरा नुवाकोट जिल्ला थानिसिङ गा.वि.स./ न.पा वडा नं. ८ बस्ने श्री राज कुमार लामाको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला जितपुर गा.वि.स./ न.पा वडा नं. ३ को कित्ता नं. ४५० को क्षेत्रफल २८६.११, कित्ता नं. ४५१ को क्षेत्रफल ५४०.५४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री पुड्के तामाङको नाति श्री छत्र बहादुर लामाको छोरा नुवाकोट जिल्ला थानिसिङ गा.वि.स./ न.पा वडा नं. ८ बस्ने श्री राज कुमार लामा र श्री सुकु शेर्पाको नाति श्री छेटेन शेर्पाको छोरा काठमाण्डौ जिल्ला का म न पा गा.वि.स./ न.पा वडा नं. २९ बस्ने श्री पेम्बा शेर्पाका को नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला जितपुर गा.वि.स./ न.पा वडा नं. ३ को कित्ता नं. १९५ को क्षेत्रफल २-११-०-० , कित्ता नं. ६४४ को क्षेत्रफल ७-१५-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. श्री सानु जित तामाङको नाती श्री दल बहादुर तामाङको छोरा नुवाकोट जिल्ला ककनी गा.वि.स./ न.पा वडा नं. ९ बस्ने श्री तिलक बहादुर तामाङको नाममा मालपोत कार्यालय टोखामा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला धापासी गा.वि.स./ न.पा वडा नं. ७ को कित्ता नं. १२ को क्षेत्रफल ९९.३५ घर जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
७. श्री भवनाथ सापकोटाको बुहारी श्री मुक्ति बहादुर सापकोटा को श्रीमति काठमाण्डौ जिल्ला इचंगुनारायण गा.वि.स./ न.पा वडा नं. ८ बस्ने श्री सानु कान्छी सापकोटाको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला इचंगुनारायण गा.वि.स./ न.पा वडा नं. ५ को कित्ता नं. १२ को क्षेत्रफल १२९.१० घर जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
८. श्री चन्द्रबिर लोपचनको नाति श्री चन्द्रजित लोपचनको छोरा काठमाण्डौ जिल्ला का म न पा गा.वि.स./ न.पा वडा नं. १९ बस्ने श्री शिताराम लोपचनको नाममा मालपोत कार्यालय डिल्लीबजार मा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला का म न पा गा.वि.स./ न.पा वडा नं. २९ को कित्ता नं. २८१ को क्षेत्रफल २३.८५ र कित्ता नं. २८३ को क्षेत्रफल १५८.९८ घर जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
९. श्री पुड्के तामाङको बुहारी श्री छत्र बहादुर लामाको श्रीमती नुवाकोट जिल्ला ककनी गा.वि.स./ न.पा वडा नं. ९ बस्ने श्री चिनी माया लामा लामाको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेस्ता कायम रहेको नुवाकोट जिल्ला थानिसिङ गा.वि.स./ न.पा वडा नं. ९ को कित्ता नं. ८७० को क्षेत्रफल ३-११-३-० , कित्ता नं. ८७१ को क्षेत्रफल १-९-२-० , कित्ता नं. ९०८ को क्षेत्रफल २०-६-३-३ , कित्ता नं. ९२६ को क्षेत्रफल ६-१३-०-०, कित्ता नं. १००९ को क्षेत्रफल १-१३-०-१ , कित्ता नं. १०२५ को क्षेत्रफल १२-१०-३-२, कित्ता नं. १०२६ को क्षेत्रफल १-२-२-३ र सो जग्गाले चर्चेको लिगलगापात समेत
१०. श्री नारायण प्रसाद काफ्लेको नाति श्री रविचन्द्र काफ्लेको छोरा काभ्रेपलान्चोक जिल्ला पांचखाल वडा नं. ६ बस्ने श्री सोम प्रसाद काफ्लको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला पांचखाल वडा नं. ६ को कित्ता नं. १२२७ को क्षेत्रफल १२७.१८ र कित्ता नं. १२२६ को क्षेत्रफल ७६३.११ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै गोंगबु शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय गोंगबुमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेको धितोअरु आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

# जिल्ला कारागारको नयाँ भवन निर्माण अन्तिम चरणमा



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ४ चैत

बझाङ जयपृथ्वी नगरपालिका-१० स्थित सदरमुकाम चैनपुरमा निर्माण भइरहेको जिल्ला कारागारको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । सो कारागारको झ्याल मिलाउने र पर्खाल लगाउने लगायतका केही काम बाँकी रहेको र केही महिनाभित्र कारागार नयाँ भवन सञ्चालनमा आउने जिल्ला कारागार बझाङका जेलर राजेन्द्र फडाराले जानकारी दिए । निर्माण कार्य अन्तिम चरणमा रहेको उक्त कारागार भवनमा ८ वटा कोठा र ७५ जनाको क्षमता रहेको छ ।

जेलर फडाराका अनुसार पुरुष कैदीबन्दीका लागि निर्माण भइरहेको कारागार भवन छिट्टै सञ्चालन हुनेछ । नयाँ कारागार भवन बनेपछि कैदीबन्दीहरूलाई राहत हुने विश्वास गरिएको छ । अहिले जिल्ला कारागार बझाङमा २५ जना कैदीबन्दीको क्षमता रहेकोमा ७० जना कैदीबन्दी हुँदा उनीहरुले सास्ती खेपेका छन् । २०६८/०६९ मा महिला कैदीबन्दीका लागि बनेको भवनमा पुरुष कैदीबन्दीका लागि भवन अभाव भएकाले उक्त भवनमा राख्ने गरिएको छ । १० करोडको लागतमा निर्माण भइरहेको सो कारागारको भवन निर्माणको काम पिएस कन्ट्रक्सन सिलगढी डोटीले पाएको छ । निर्माण कम्पनीले जेठमा हस्तान्तरण गर्ने लक्ष्य लिएको भएपनि झ्याल मिलाउने र कारागार घेर्ने पर्खाल निर्माण गर्ने काम बाँकी रहेकाले २/३ महिना अझै लाग्ने जेलर फडाराले बताए । अहिले सबै गरेर कारागारको भवनको निर्माण कार्य ९२ प्रतिशत भइसकेको समेत फडाराले बताए ।

आर्थिक २०८० साल जेठमा सम्झौता भएर २०८१ जेठमा सम्पन्न गर्ने निर्माण कम्पनी संग सम्झौता भएपनि निर्माण कम्पनीले काम नगर्दा जिल्ला कारागारको निर्माण कार्य ढिलो भएको बताइएको छ । निर्माण कम्पनीले एक पटक म्याद थप गरेर २०८२ जेठमा हस्तान्तरण गर्ने बताएको छ ।

# राष्ट्रिय मुस्लिम समाज नेपाल कतारको बृहत् इफ्तार कार्यक्रम सम्पन्न



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ४ चैत्र

राष्ट्रिय मुस्लिम समाज कतारको आयोजनामा बृहत् इफ्तार कार्यक्रम सम्पन्न भएको छ ।

सोमबार मुस्लिम धर्मावलम्बीको पवित्र महिना रमादानको अवसरमा मुन्तजामा रहेको गोरखाली रेस्टुरेन्टको हलमा शुभकामना आदान-प्रदानसहित इफ्तार कार्यक्रम सम्पन्न भएको हो ।

ब्यानर अनावरणसँगै कार्यक्रमको उद्घाटन कुरान तिलावात(मौलाना जनाव)बाट गरिएको थियो । मुस्लिम समाज कतारका अध्यक्ष मोहमद अस्लाम साफीको सभाध्यक्षता तथा नेपाली नियोग कतारका प्रथम सचिव कृष्णकुमार सुवेदीको प्रमुख आतिथ्यतामा इफ्तार कार्यक्रम सम्पन्न भएको हो । नेपाली दूतावासका विभिन्न तह तप्काका पदाधिकारीहरू, गैरआवासिय नेपाली संघ कतारका प्रथम उपाध्यक्ष कृष्ण पन्थी, वैचारिक संगठन, विभिन्न प्रदेश, नेपाली महिला समाज कतार, सामुदायिक, र जिल्ला संस्थाका प्रमुखहरू तथा प्रतिनिधिहरुको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो ।

शुभकामना मन्तव्य राख्ने वक्ताहरूले मुस्लिम परिषद्ले केही दिन पहिले ६ सय भन्दा बढी कामदारलाई इफ्तारी गराएपनि कतारमा रहेका विभिन्न संघसंस्थाहरुलाई निमन्त्रणा गरी इफ्तार कार्यक्रम गरी पुण्यको कार्य गरेको बताएका थिए ।

इस्लाम धर्मावलम्बीहरूको सबैभन्दा पवित्र महिना रमजानको महत्वका बारेमा धर्मगुरुहरूले प्रकाश पारेका थिए । गुरुहरूले कुरानमा संयमयता अपनाउन आग्रह पनि गरिएको उल्लेख गर्दै रोजाका बारेमा प्रस्टाएका थिए । रमजानमा भोकै बस्नु प्यासी बस्नु मात्र रोजा नहुने बताउँदै हरेक गलत कार्यबाट टाढा रहनुपनि रोजा रहेको बताए ।

रमादानको समयमा रोजा नराख्ने इस्लामिक ब्यक्तित्वहरुलाइ अरू बेला जति नै रोजा राखे पनि त्यसको फल नमिल्ने बताएका थिए । आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि सुवेदीले कतारको नेपाली समुदायभित्र उही अनुहार र उस्तै प्रकृतिको कार्यक्रम दोहोरिएको हुँदा इफ्तार कार्यक्रमलाई न्यून आए भएका श्रमिकहरू समक्ष लैजान सके थप प्रभावकारी बन्ने बताए ।

कार्यक्रममा उपस्थितलाई सामाजिक व्यक्तित्व कलाम खानले स्वागत मन्तव्यद्वारा स्वागत गरेका थिए । महासचिव अजाद मन्सुरीले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष साफीले इफ्तार कार्यक्रममा जोडिने संघसंस्था प्रमुख तथा प्रतिनिधि, मौलाना तथा गुरुहरूलाई आभार व्यक्त गरेका थिए ।

# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
फोन नं. ०११४१२११३

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/१२/०५)**

यस नगरपालिकाको निम्न मितिका सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरूको निर्माण कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरूको प्राविधिक र आर्थिक प्रस्ताव निम्न मितिमा खोलिएको र उक्त बोलपत्रहरूको प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गरि मूल्याङ्कन समितिले प्रक्रियागत रूपमा पेश गरेको प्रतिवेदनअनुसार सारभूतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपशिलका योजनाहरूको लागि तपशिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्य नं | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 09/Works/NCB/ MDM/081/82 | वडा नं ७ का विभिन्न योजनाहरु | Bhagwoti Nirman Sewa, Kavre | रू १५,२२,३४७.७८ (पन्ध्र लाख बाइस हजार तीन सय सच्चालिस रुपैयाँ अठहत्तर पैसा मात्र) |
| 25/Works/NCB/ MDM/081/82 | जैसीथोक स्वास्थ्य चौकी भवन निर्माण/ सवलीकरण | Gautam & Aarabh Construction Pvt. Ltd, Panchkhal | रू १२,३६,२७०.९२ (बाह्र लाख छतिस हजार सात सय सत्तरी रुपैयाँ बयानब्बे पैसा मात्र) |
| 27/Works/NCB/ MDM/081/82 | वडा नं ३ को विभिन्न योजनाहरु | Dhap Bhotechaur Nirman Sewa Pvt. Ltd, Melamchi | रू १३,५८,५०८.९८ (तेह्र लाख अन्ठाउन्न हजार पाँच सय आठ रुपैयाँ अन्ठानब्बे पैसा मात्र) |
| 30/Works/NCB/ MDM/081/82 | वडा स्तरीय सम्पूर्ण लागत साझेदारी गर्ने योजना र मेसागाउँ टोलबस्ती मोटरबाटो स्तरउन्नति र कार्तिकेधारा काभ्रेबोत साठीकुरिया रोहिणी मोटरबाटो निर्माण | Dhap Bhotechaur Nirman Sewa Pvt. Ltd, Melamchi | रू ११,८६,६३८.६५ (एघार लाख छयासी हजार छ सय अर्तिस रुपैयाँ पैसठी पैसा मात्र) |
| 29/Goods/NCB/ MDM/081/82 | Procurement of stationary and other office related goods | L.B Multipurpose Company Pvt. Ltd, Melamchi | रू १२,७९,२५०.४० (बाह्र लाख उनानअस्सी हजार दुई सय पचास रुपैयाँ चालिस पैसा मात्र) |

**यूएईमा रोजगार**
कम्पनी: GLOBAL CLEANING SERVICES
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०४ चलानी नं.: ६०२३४६४२ LT. No.:320513

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaner | 25 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३४,०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 25 | 0 | | 900 | ३४,०३८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १२ गते (25 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No.: 167/056/057
**Kantipur Overseas Service Pvt. Ltd.**
Samakhushi, Kathmandu. Tel No: 4960615/4961916
E-mail : kantipurovs@gmail.com/website: www.kantipuroverseas.com

**साउदीमा रोजगार**
कम्पनी: LAUNDRY FAQAEH ZERKA CAR SERVICES
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०४ चलानी नं.: ६०२३४६२१ LT. No.: 320372

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Work Shop Cleaning Labour | 2 | 0 | स. काममा दक्ष | 1200 | ४४,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत १२ गते (25 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

